ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था"

कम्पनी दर्ता नं. : १०६५/०६४/०६५
इजाजतपत्र नं. : ने.रा.बैंक/इ.प्रा./"ख"/६१/०६४/०६५
पान नं. : ३०२९६११३५

359641

च.नं. : 49-JBBL-OCS-081/82 मिति: २०८१/०९/०५

**श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर ।**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौं ।**

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
**पुतलीसडक, काठमाडौं ।**

**श्री एनआईएमबि एस क्यापिटल लिमिटेड**
**लाजिम्पाट, काठमाडौं**

**बिषय : वार्षिक साधारण सभा तथा Book Close सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ज्योति विकास बैंक लिमिटेडको मिति २०८१/०९/०५ गते शुक्रबार, बिहान ११:०० बजे देखी बसेको सञ्चालक समितिको ५०४ औं बैठकको निर्णय अनुसार मिति २०८१/०९/२९ गते हुने १७ औं वार्षिक साधारण सभा सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । साथै सो प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८१/०९/१४ गते देखि मिति २०८१/०९/२९ गते सम्म बन्द रहने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०८१ साल पुष २९ गते सोमबार (तदनुसार १३ जनवरी, २०२५)**
**समय: बिहान ११:०० बजे ।**
**स्थान: सिल्भर ओक ब्यान्केट एण्ड ईभेन्ट्स, गैरीधारा, काठमाडौं ।**

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्ताव**

(१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०८१ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारीत गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

(५) संस्थापक शेयरधनी (समूह “क”) को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनी (समूह “ख”) को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

(१) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

भवदीय,

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

...............

बलदेव थापा

कम्पनी सचिव